नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

Email:daobara33700@gmail.com
फोन नं.:०५३-५५०१३३
:०५३-५५०१६६
:०५३-५५०४३३
फ्याक्स नं.:०५३-५५००००

बारा, कलैया

पत्र संख्या:-०७९/८०
चलानी नं.-

मितिः- २०७९/११/१४

## बारा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री नवराज सापकोटाबाट जारी भएको आदेश ।

१. यस जिल्लाका विभिन्न भागमा हुने धार्मिक, सामाजिक, राजनीतिक लगायतका विभिन्न कार्यक्रमहरुमा डिजे साउण्ड सिस्टम प्रयोग गरी चर्को स्वरमा संचालन गर्ने गरिएको कारणबाट सर्वसाधरणहरुको व्यापक जनगुनासो तथा अस्पताल, स्कूल, कार्यालय लगायतका स्थानहरुमा ध्वनि प्रदुषणबाट समस्या आउनुको साथै आफ्नो स्थानीय मौलिक बाजागाजा, लोक संस्कृतिहरु लोप हुन लागेका हुँदा जिल्लाभर ठूला किसिमका डिजे साउण्ड सिस्टम ध्वनि प्रदुषण तथा असर पर्ने गरी बजाउन, एक ठाँउबाट अर्को ठाँउमा सवारी साधनमा राखी बजाउदै लाने कार्यलाई निरुत्सहित गर्दै रोक लगाउने निर्णय भएको हुँदा सो कार्य गर्न गराउन नपाउने गरी स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम यो आदेश जारी गरिएको छ । यो आदेशको वर्खिलाप भए गरिएको पाईएमा सो सिस्टम जफत गरी प्रचलित कानून बमोजिम कारबाही गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२. २०७९ सालको फागु/होली पर्व मनाउने क्रममा जथाभावी रंग दल्ने, लोला हान्ने, बाटो ढुकेर बटुवालाई रंग लगाउने, बाटो अवरोध गरी सवारी साधनबाट रकम असुल्ने जस्ता अराजक कार्यहरु हुन नदिन् सुरक्षा निकायहरुवीच सुचना आदान प्रदान एवम् आपसमा समन्वय गरी नेपाल प्रहरी, शसस्त्र प्रहरी र ट्राफिक प्रहरी समेतको उपस्थितिमा जिल्लाका विभिन्न स्थानहरुमा संयुक्त चेक प्वाइट राखि भरपर्दो सुरक्षा व्यवस्था मिलाउने निर्णय भएको हुँदा उल्लेखित कार्य नगर्नुहुन र वातावरण तथा जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने रंगिन बस्तुहरु,केमिकल, प्लाष्टिकजन्य लोला आदीको प्रयोग एवम् आयात र विक्री वितरण समेत नगर्न नगराउनु हुन अनुरोध छ। सुरक्षा निकायबाट अनुगमन गर्दा कोही कसैबाट त्यस्तो कार्य भए गरेको पाइएमा प्रचलित कानुन बमोजिम कडा कारवाही भई जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

हिन्दु धर्मलाम्बीहरुले मनाउने विभिन्न चाडपर्वहरु मध्ये फागु/होली एक महान पर्व हो । विभिन्न रंगहरु दलेर मनाइने यस पर्वको पावन अवसरमा सुख, शान्ति, उन्नती, प्रगती, समृद्धि, तथा आपसी सद्भभाव र सौहार्दता अभिबृद्धि गर्न सम्पूर्ण जिल्ला बासीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

२०७९/११/१४
..............................
नवराज सापकोटा
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी